गुर्भाकोट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
छिन्चु, सुर्खेत
कर्णाली प्रदेश, नेपाल
२०७३

# गुर्भाकोट नगरपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरुको कक्षा ८, SEE, SLC लगायत सबै कक्षाको शैक्षिक गुणस्तर सुधार गर्नका लागि गरिएको सामूहिक प्रतिबद्धता

हामी यस गुर्भाकोट नगरपालिका स्थित सामुदायिक माध्यमिक विद्यालयका वालक्लव, शिक्षक, प्रधानाध्यापक, विद्यालय ब्यवस्थापन समिति महासंघ, विद्यालय ब्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, शिक्षक महासंघ, शिक्षकका संघ संगठनहरु र नगरपालिकाकाका पदाधिकारीहरु सामुदायिक विद्यालयहरुको कक्षा ८, SEE, SLC लगायत सबै कक्षाको शैक्षिक गुणस्तर सुधार गर्नका लागि सबैले निस्वार्थ जिम्मेवारीवहन, यथोचित कर्तब्यपालन र निर्दिष्ट कार्यसम्पादन गरेर सुधार गर्न प्रतिबद्ध भै देहायका विषयमा सिटीहल मेहेलकुनामा भएको समिक्षा भेलाले सर्वसहमत निर्णय गरी कार्यान्वयन गर्न र गराउन ६८ बुदे सामूहिक प्रतिबद्धता ब्यक्त गर्दछौं ।

**क) विद्यालय**

**अ. विद्यालय ब्यवस्थापन पक्ष (विद्यालय ब्यवस्थापन समिति र शिक्षक अभिभावक संघ)**

I. महिनामा एक पटक अनिवार्य रुपमा बैठक बसी शैक्षिक गतिविधिका विषयमा विषयगत शिक्षकहरु र विद्यार्थीहरुसंग शैक्षिक अवस्था वारे छलफल गर्ने,

II. विद्यालय अनुगमन निरीक्षण योजना वनाइ दैनिक कम्तिमा १ जना अभिभावकले विद्यालय अनुगमन निरीक्षण गर्ने ब्यवस्था गर्ने,

III. विद्यालयका प्रधानाध्यापक संग समयवद्ध पुरा गर्ने सूचकमा आधारित करार सम्झौता गर्ने र प्रधानाध्यापकले समेत सोही बमोजिम विषयगत शिक्षकहरुसंग करार सम्झौता गरी करार सम्झौता बमोजिमका सूचकमा आएको सुधारको त्रैमासिक समिक्षा गर्ने,

गुर्भाकोट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
छिन्चु, सुर्खेत
कर्णाली प्रदेश, नेपाल
२०७३

CamScanner

IV. विषयगत शिक्षक, कक्षा शिक्षकहरुसंग त्रैमासिक रुपमा विद्यार्थी र अभिभावक संगै नतिजाको सम्वन्धमा छलफल र अन्तरक्रिया गर्ने,

V. सिकाइमा कमजोर देखिएका विद्यार्थीको लागि नतिजा कमजोर भएको विषयको उपचारात्मक कक्षा तथा बैयक्तिक शिक्षणको ब्यवस्था गर्ने,

VI. शिक्षकलाइ आवश्यक पर्ने शैक्षिक सामाग्रीहरुको ब्यवस्था गर्ने,

VII. सबै कक्षा र विषयको एकाइ परीक्षा, साप्ताहिक परीक्षा, मासिक परीक्षा सञ्चालनको प्रवन्ध गर्ने,

VIII. कक्षा ८, १० र १२ को अंग्रजी, गणित र विज्ञान विषयको विशिष्टकरण तालिकामा आधारित शनिवारीय परीक्षा सञ्चालनको प्रवन्ध गर्ने,

IX. शिक्षकले कक्षामा समय पालना गरे नगरेको अभिलेख विद्यार्थीद्वारा राख्ने ब्यवस्था गर्ने र अभिलेखको मासिक समिक्षा गर्ने,

X. अभिभावक शिक्षा कार्यक्रम सञ्चालन गरी विद्यालयको शैक्षिक गुणस्तर सुधारमा अभिभावकको सकृय योगदान बृद्धि गर्ने,

XI. शिक्षक, विद्यार्थी र अभिभावकका लागि छुट्टा छुट्टै आचारसंहिता तय गरी लागु गर्ने,

XII. अतिरिक्त क्रियाकलापलाइ नियमित र प्रभावकारी वनाउन आवश्यक योजना तयार गर्ने,

XIII. विद्यार्थीको प्रतिभा पहिचान र विद्यार्थी परामर्श कार्यक्रय सञ्चालन गर्ने,

XIV. विद्यार्थीहरुले लाइब्रेरी, विज्ञान प्रयोगशाला र सूचना प्रविधि प्रयोगशालाको सिकाइको लागि नियमित प्रयोग गर्ने वातावरण तय गर्ने,

XV. प्रत्येक त्रैमासिक परीक्षाको नतिजा पश्चात कक्षागत अभिभावक अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्ने,

XVI. विद्यालयको सामाग्री खरिद र आयोजनाको कार्यान्वयनका लागि छुट्टै खरिद/निर्माण समिति मार्फत गर्ने,

XVII. बैंक मार्फत मात्र आर्थिक कारोवार गर्ने, नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहले तोकेको कर अनिवार्य जम्मा गर्ने,

XVIII. समयमै लेखा परीक्षण र सामाजिक परीक्षण तथा सो परीक्षणबाट आएका नतिजाहरुमा क्रमिक सुधार गर्ने,

XIX. उजूरी पेटिका र गुनासो सुनुवाइको प्रभावकारी व्यवस्था गर्ने,

XX. लागुपदार्थ दुर्व्यसनी विरुद्धको क्रियाकलाप सञ्चालन गर्ने,

XXI. विद्यालयको शैक्षिक, भौतिक, आर्थिक र ब्यवस्थापकीय कार्यका लागि आवश्यक बजेट र स्रोत ब्यवस्थापनका लागि बैकल्पिक उपायको खोजी गर्ने,

XXII. विद्यालय सुधार योजनालाइ कार्यान्वयनयोग्य र ब्यवहारिक वनाउने साथै विद्यालय सुधार योजनाको कार्यान्वयन कार्ययोजना तयार गरी सबैले देख्ने गरी सूचना पाटीमा राख्ने,

XXIII. विद्यार्थीको नियमितता बृद्धि गरी कम्तिमा पनि ७५ प्रतिशत हाजिरी सुनिश्चित गर्ने गराउने,

आ.शिक्षक

I. आफुले अध्यापन गर्ने विषयको दक्षता अभिबृद्धि गर्ने र नविनतम ज्ञान र प्रविधिमा अध्यावधिक हुने,

II. सम्वन्धित विषयको पाठ्यक्रमको गहन अध्ययन गरी प्रभावकारी कार्यान्वयन गर्ने,

III. विषयगत नतिजामा प्रमुख रुपमा जिम्मेवार भै काम गर्ने,

IV. विद्यार्थीहरुलाइ प्रयोगात्मक र ब्यवहारिक रुपमा शिक्षण गर्ने,

V. योजनाबद्ध (शैक्षिक र शैक्षणिक योजना निर्माण गरी) शिक्षण गर्ने,

VI. विद्यार्थीमैत्री शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्ने,

CamScanner

VII. कक्षाकोठालाई सिकाइमैत्री बनाउने, शिक्षण सिकाइमा सम्भव भएसम्म प्रविधिको प्रयोग गर्ने,

VIII. शिक्षण सिकाइ क्रियाकलापमा अधिकतम शैक्षिक सामाग्रीको प्रयोग गर्ने,

IX. विद्यार्थीले प्रश्न सोध्नका लागि प्रेरित गर्ने वातावरणको निर्माण गर्ने,

X. विद्यार्थीहरुलाई ब्याख्यान विधि भन्दा पनि ब्यवहारिक र प्रयोगात्मक तवरले सिकाइ हुने आधुनिक विधिको प्रयोग गर्ने, परियोजना कार्यमा जोड दिने,

XI. विद्यार्थीको वास्तविक क्षमता पहिचान गरी सोही बमोजिम सिकाइ क्रियाकलाप सञ्चालन गर्ने, सिकाइमा पछि रहेका विद्यार्थीको कारण खोजी गरी आवश्यकताका आधारमा थप उपचारात्मक र बैयक्तिक शिक्षण गर्ने,

XII. विद्यार्थीहरुलाइ सिकाइमा उत्प्रेरित गर्ने, carrier परामर्ष दिने,

XIII. विद्यार्थीविद्यार्थीबीच उत्तरपुस्तिका साटासाट गरी सिकाईलाई — प्रभावकारी र दीगो बनाउने कार्यको थालनी गरी सहपाठी सिकाइ सस्कृतिको विकास गर्ने,

XIV. समय र शिक्षक आचारसंहिता अनिवार्य पालना गर्नुपर्ने,

XV. तालिममा सिकेका कुराहरु कक्षाकोठामा अनिवार्य प्रयोग गर्ने,

XVI. विषयगत शिक्षकको समूह वा सञ्जाल वनाइ विषयगत समस्या छलफल र समाधान गर्ने,

XVII. समयमै निर्धारित कोर्ष पुरा गराउने,

XVIII. विद्यार्थीको कक्षाकार्य र गृहकार्यको नियमित जाँच तथा सुधारका लागि आवश्यक पृष्ठपोषण दिने,

XIX. मासिक रुपमा शिक्षक बैठकमा सिकाइ सुधारका सम्वन्धमा छलफल गर्ने,

CamScanner

XX. नतिजा कमजोर भएका विद्यार्थीहरुको घरदैलो कार्यक्रम सञ्चालन गर्ने,

XXI. शिक्षक निर्मित सामाग्रीको विकासका लागि कार्यशाला सञ्चालन गर्ने,

XXII. विद्यार्थीको नियमितता बृद्धि गर्न आवश्यक कार्य गर्ने,

XXIII. आ आफ्नो विषयगत नतिजा सुधारको लागि कार्ययोजना बनाइ कार्यान्वयन गर्ने,

XXIV. मूल्यांकनलाइ वैध, बस्तुनिष्ठ र विश्वसनिय बनाउन आवश्यक कार्य गर्ने,

**ख) नगरपालिका**

I. शैक्षिक गुणस्तर सुधारका लागि आवश्यक नीति कानुन योजना तर्जुमा र कार्यान्वयन गर्ने,

II. शैक्षिक गुणस्तर सुधारका लागि आवश्यक वजेट विनियोजन र कार्यान्वयन गर्ने,

III. विद्यालयको अनुगमन र सुपरीबेक्षण गर्ने,

IV. शिक्षक तथा विद्यालय ब्यवस्थापन पदाधिकारीहरुको क्षमता विकास तालिम सञ्चालन र ब्यवस्थापन गर्ने,

V. उत्कृष्ट विद्यालय ब्यवस्थापन समिति अध्यक्ष, शिक्षक अभिभावक संघ अध्यक्ष, प्रधानाध्यापक, शिक्षक र विद्यार्थी घोषणा र पुरस्कृत गर्ने साथै लगातार ३ बर्षसम्म कमजोर नतिजा दिनेलाइ कानुनबमोजिम आवश्यक कारवाही गर्ने,

VI. सक्षम र सवल प्रधानाध्यापकको ब्यवस्थापन गर्ने,

VII. शिक्षकको दरवन्दी मिलान गर्ने र आवश्यक शिक्षकको ब्यवस्थापन गर्ने,

VIII. कक्षा ५, ८ र १० का विद्यार्थीहरुको ल्याकत परीक्षा सञ्चालन गर्ने,

IX. स्थानीय पाठ्यक्रम, पाठ्यपुस्तक निर्माण र कार्यान्वयन गर्ने,

गुर्भाकोट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
गुम्भाघाट, सुर्खेत

X. नगर शिक्षा समिति, वडा शिक्षा समिति र विद्यालय ब्यवस्थापन पदाधिकारी मार्फत विद्यालयको नियमित अनुगमन गर्ने ब्यवस्था मिलाउने,

XI. शिक्षकलाइ शिक्षक डायरी उपलब्ध गराउने र त्यसको प्रभावकारी अनुगमन गर्ने,

XII. शिक्षकको कार्यथलोमा नै सुपरीबेक्षण गरी पेशागत सहयोग गर्ने संस्थागत प्रवन्ध गर्ने,

XIII. तल्लो कक्षादेखिकै सिकाइमा सुधार गर्नका लागि आवश्यक ब्यवस्था गर्ने,

XIV. प्रारम्भिक कक्षाहरुलाइ स्रोतसाधन सम्पन्न वनाउन आवश्यक कार्य गर्ने,

XV. विषयगत शिक्षक र प्रधानाध्यापकहरुसंग निर्माणात्मक मूल्यांकनको अर्धवार्षिक समिक्षा गर्ने,

XVI. क्याम्पस र कक्षा १२ को विद्यार्थीहरुलाइ Internship को रुपमा स्वयंसेवक शिक्षकको रुपमा दरवन्दी अपुग भएका विद्यालयमा परिचालन गर्ने,

XVII. विद्यालय पूर्वाधार निर्माणमा नगरपालिका र अभिभावकको साझेदारीमा निर्माण गर्ने गरी आवश्यक कानुनी प्रवन्ध गर्ने,

XVIII. विद्यालयमा नैतिक र योग शिक्षाका कार्यक्रमहरु सञ्चालन गर्ने कार्यक्रम तय गरी कार्यान्वयन गर्ने,

XIX. विद्यालयका र विषय शिक्षकका असल अभ्यास आदानप्रदान गर्ने प्रणाली स्थापना गर्ने,

XX. आवश्यकताका आधारमा प्राविधिक र ब्यवसायिक शिक्षाको विकास र विस्तार गर्न आवश्यक पहल गर्ने र

XXI. कक्षा ५ को परीक्षा वडास्तरीय रुपमा सञ्चालन गर्नका लागि आवश्यक कानुनी प्रवन्ध गर्ने ।

ईति सम्वत २०८१ साल भाद्र ०७ गते शुक्रवार रोज ०६ शुभम्................................।

गुर्भाकोट नगरपालिका नगर कार्यपालिकाको कार्यालय शुभाघाट, सुर्खेत कर्णाली प्रदेश, नेपाल